म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २४८ शनिबार, १२ बैशाख २०८३ ने. सं. ११४६ बछलाथ्व 25 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## शान्ति सामुदायिक वनद्वारा रानी सामुदायिक वनको अवलोकन

हेटौंडा, ११ बैशाख/सर्वमान्य गणेशमान सिंह वनसंरक्षण पुरस्कार प्राप्त हेटौंडाको रानी सामुदायिक वनको अवलोकन गरिएको छ । समूहको कञ्चनपुर जिल्ला भीमदत नगरपालिका-१० मा रहेको शान्ति सामुदायिक वनले अवलोकन गरेको हो । समूहलाई रानी सामुदायिक वनका अध्यक्ष केशव धिताल, कोषाध्यक्ष गोमा लामिछाने, सदस्य केदार प्रसाद अधिकारी, कार्यालय सचिव भीमसेन पौडेललगायतले सहजीकरण गरेका थिए । सहभागीलाई वनको संरक्षण, उपयोग, संस्थागत विकास, आयआर्जन, सालकसंरक्षण, कार्यालय ब्यवस्थापन, पर्यापर्यटन, सामाजिक विकास, शैक्षिकक्षेत्रको विकासमा सहयोग लगायत विषयमा जानकारी गराइएको थियो । शान्ति सामुदायिक वनका उपाध्यक्ष दिलबहादुर लोहारको संयोजकत्वमा आएको भ्रमणदलमा जनप्रतिनिधि, कार्यसमिति र उपभोक्ता गरी ६० जनाको सहभागिता रहेको थियो । हालसम्म रानी सामुदायिक वनको ५ सय ८० भ्रमणटोलीले अवलोकन गरिसकेको समूहले जनाएको छ ।

# कानून कार्यान्वयन भए सेवा प्रवाह प्रभावकारी हुन्छः उपसभामुख चापागाई

साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ बागमती प्रदेशसभाकी उपसभामुख अपसरा चापागाईँले स्थानीय तह र प्रदेशसभाबीचको समन्वयमा निर्माण भएका कानुनलाई कार्यान्वयन गरी सेवाप्रवाहमा प्रभावकारीता ल्याउन सकिने बताएकी छन् । बागमती प्रदेशसभा सचिवालयको आयोजनामा थाहा नगरपालिकामा भएको बागमती प्रदेशसभा र स्थानीय तहबीच कानून कार्यान्वयनसम्बन्धी अन्तरक्रियामा उपसभामुख चापागाईँले यस्तो बताएकी हुन् ।




बागमती प्रदेशले निर्माण गरेको कानून कार्यान्वयनको अवस्था तथा स्थानीय तहको कानून निर्माण र कार्यान्वयनको विषयमा केन्द्रित अन्तरक्रियामा चापागाईँले प्रदेश कानून बनाएर पठाइरहने त्यसको प्रभावकारीता र जटिलताको विषयमा कहिल्यै छलफल नगर्ने परिपाटीले समस्या सृजना हुने उनको भनाइ थियो । यही कुरा बुझ्नलाई कानून कार्यान्वयनको तह पालिकामै यस किसिमको कार्यक्रम सञ्चालन गरिएको उनको भनाइ थियो । 'अघिल्ला वर्षमा जिल्ला समन्वय समितिमा यस किसिमको कार्यक्रम गरिँदा प्रभावकारिता देखिएन' उनले भनिन्- 'कानून कार्यान्वयन गर्ने तह पालिकाहरुमै यसको अवस्थाको विषयमा छलफल तथा अन्तरक्रिया गर्दा जटिलता र प्रभावकारिता दुवै मूल्यांकन गर्न पायौं, त्यसकै आधारमा केही कानून संशोधनको प्रक्रियामा समेत गइसकेको छन् ।'

कानुन निर्माण र कार्यान्वयनको अवस्थाको विषयमा वडातहसम्म छलफल तथा अन्तरक्रिया पुऱ्याउनसके झन प्रभावकारी हुने उनका भनाइ थियो । बागमती प्रदेश सांसद तथा पूर्वसामाजिक विकास मन्त्री कुमारी मोक्तानले निर्माण भएका कानुन एकातिर कार्यान्वयन अर्कातिर हुँदा योजना छनोटदेखि कार्यान्वयन र अन्य पक्ष पनि प्रभावित हुनपुगेको बताइन् । 'जब कानुनको नपछ्याई काम गर्न थालिन्छ त्यसले सकारात्मक रिजल्ट दिदैन' सांसद मोक्तानले थपिन् । इन्द्रायणीचौरमा निर्माणाधीन कभर्डहलको प्रसंग कोट्याउँदै भनिन्-'कभर्डहललाई बजेट विनियोजन गर्नुस् है भनेर यसै क्षेत्रको सांसदको हैसियतले भनिरहेँ तर, दुईवर्ष निरन्तर काम भएको योजनालाई चालु आर्थिक वर्षमा बजेट परेन ।'

कभर्ड हल बहुवर्षे योजना भन्ने थाहा छ, कानुनले योजना पूरा गर्नुपर्छ भन्छ तर, कार्यान्वयन नभएको मोक्तानले बताइन् । उनले अन्तरतह समन्वयबाट नै विकासले गतिलिने बताइन् । थाहा नगरप्रमुख विष्णुबहादुर विष्टले प्रदेश र स्थानीय तहबीचको सम्बन्ध वर्षदिनमा एकपल्ट बजेट माग्न जाने मात्र भएको प्रसङ्ग सुनाए । नगरप्रमुख विष्टले बजेट लिने र दिने मात्र नभई कानून निर्माण तथा कार्यान्वयनको विषयमा पहिलोपटक समन्वय गरेको बताउँदै प्रदेशसभा सचिवालयलाई धन्यवाद दिए । विष्टले स्थानीय कानून निर्माण प्रक्रिया, जटिलता र कार्यान्वयनको विषयमा आफ्नो धारणा राखेका थिए । उनले प्रदेश र स्थानीय तहबीचको सम्बन्धलाई प्रगाढ बनाउनुपर्ने बताए ।

नगर उपप्रमुख भरत गोपालीले प्रदेश र स्थानीय तहबीचको सम्बन्ध कमजोर भएको बताउँदै योजना विनियोजन, कार्यान्वयनदेखि हरेक कुरामा समन्वय गर्न आग्रह गरे । उनले पालिकाको न्यायिक समितिले गरेको कामको प्रगतिको विषय पनि सुनाएका थिए । कार्यक्रममा थाहा नगरका प्रमुख प्रशासकीयअधिकृत निरज पौडेलले स्थानीय तहको अधिकार क्षेत्रकै कानून निर्माण गर्न पनि दक्ष जनशक्तिको अभाव रहेको बताए । कानून निर्माणका लागि त्यस विषयसँग सम्बन्धीत जनशक्तिको दरबन्दी स्थानीय तहमा नहुने हुँदा जटिलता उत्पन्न भएको धारणा राख्दै यस विषयमा प्रदेशले चासो दिनुपर्ने पौडेलको भनाइ थियो ।

त्यसैगरी प्रदेशले कर्मचारी सरुवाको बाटो खोलिदिए पनि साविक गाविस, नगरपालिका तथा त्यस्तै प्रकृतिका कार्यालयमा स्थायी नियुक्ति भएका कर्मचारीको अवकास कोषको विषयमा चुपो लागेको बताउँदै यसलाई प्राथमिकतामा राख्न आग्रह गरे । सो अवसरमा स्थानीय तहलाई कानूनीशिक्षा, कानून निर्माण र कार्यान्वयमा सबलीकरण आवश्यक भएको औंल्याए । बागमती प्रदेशसभा सचिव रामकुमार पौडेलको उपस्थिति रहेको कार्यक्रममा संघीयता कार्यान्वयन पश्चात् भएका प्रगति, संविधानमा उल्लेख प्रदेश तथा स्थानीय तहको अधिकारका सवाल लगायत अन्तरतह समन्वय र कानून कार्यान्वयनको विषयमा संविधानविद् खिमलाल देवकोटाले सहजीकरण गरेका थिए ।

सहभागीले उठाएका विषयवस्तुमा जवाफ दिँदै सहजीकरण गरिएको थियो । कार्यक्रममा नेकपा थाहानगर संयोजक बिनोद लामा, थाहा नगरपालिका लेखाअधिकृत अमर जिसी, ३ नम्बर वडाध्यक्ष हिरेन्द्रकुमार रायमाझी, सूचना, खानेपानी तथा पर्यटन शाखाप्रमुख सुरजकुमार भुजेल, सामाजिक विकास शाखाप्रमुख अनिल लामिछाने, रोजगार संयोजक कुमार नेगीलगायतले प्रदेश तथा स्थानीय कानुन निर्माण र कार्यान्वयनको विषयमा भनाइ राखेका थिए ।

उपसभामुख चापागाईंको अध्यक्षतामा भएको कार्यक्रममा कानून उपसचिव प्रकाश चापागाईं, कानून अधिकृत शान्ति दाहाल, नेपाल भाषा अनुवादक रविन्द्र नापित लगायत थाहा नगरका वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु तथा कर्मचारीको समेत उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रमका सहभागीले कार्यक्रम प्रभावकारी भएको प्रतिक्रिया दिए ।

# आत्महत्यासम्बन्धी समाचारलाई केन्द्रबिन्दु बनाउन नहुने



साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ आत्महत्यासम्बन्धी समाचारलाई केन्द्रबिन्दु बनाउन नहुनेमा सरोकार वालाले जोड दिएका छन् ।

जनस्वास्थ्य कार्यालय मकवानपुरको आयोजना एवम् पत्रकार महासंघ मकवानपुर शाखाको समन्वयमा शुक्रबार भएको आत्महत्या रिपोर्टिङ सम्बन्धी सञ्चारकर्मीसँगको अभिमुखीकरणमा आत्महत्यासम्बन्धी घटनाको समाचारलाई केन्द्रबिन्दु नबनाउन र अनावश्यकरुपमा दोहोऱ्याउन नहुने बताइएको हो । जनस्वास्थ्य कार्यालयका प्रमुख किरण श्रेष्ठले प्रस्तुतीकरण राख्दै त्यस्ता घटनालाई सनसनीपूर्ण वा सामान्यीकरण गर्ने भाषाको प्रयोग नगर्ने र एकमात्र सही समाधानको रुपमा चित्रण गर्नुपर्ने बताएका छन् । तथ्याङ्क र सूचनालाई होसियारीपूर्वक र सही तरिकाले प्रस्तुत गर्नुपर्नेमा उनको जोड थियो ।

प्रमुख श्रेष्ठले सञ्चारकर्मीले रिपोर्टिङ गर्दा आत्महत्याको साधन र तरिकाबारे व्याख्या नगरी घटना भएको स्थान बारे पनि विस्तृत जानकारी दिननहुने बताए । त्यस किसिमको समाचार सामग्रीबाट सञ्चारकर्मीलाई पनि असर पर्नसक्ने बारे सञ्चारगृह र सञ्चारकर्मी सचेत रहन उनले आग्रह गरे ।

प्रमुख श्रेष्ठकाअनुसार मकवानपुरमा चालु आर्थिक वर्षको हालसम्म ३१ जना महिला र ४८ जना पुरुष गरी ७९ जनाले आत्महत्या गरेका छन् । त्यसैगरी आर्थिक वर्ष २०८०/८१ मा ४८ जना महिला र ९२ जना पुरुष गरी १ सय ४० जना, आर्थिक वर्ष २०८१/८२ मा ४८ जना महिला र ८२ जना पुरुष गरी १ सय ३० जनाले आत्महत्या गरेका थिए ।

त्यसैगरी प्रदेशगतरुपमा गत आर्थिक वर्षमा सबैभन्दा बढी कोशी प्रदेशमा २१ प्रतिशत आत्महत्याका घटना हुँदा सबैभन्दा कम कर्णाली प्रदेशमा ४ प्रतिशत घटना घटेका छन् । त्यसैगरी बागमतीमा २०, लुम्बिनीमा १९, मधेशमा १८, गण्डकी र सुदुरपश्चिममा ९ प्रतिशत आत्महत्याका घटना घटेको प्रमुख श्रेष्ठको प्रस्तुतीकरणमा उल्लेख गरिएको छ । नेपालमा दैनिक सरदर २० जनाको आत्महत्याको कारण मृत्युहुने गरेको छ । गत आर्थिक वर्षमा मात्रै ७ हजार ५५ जना आत्महत्याको कारण ज्यान गएको थियो भने प्रतिलाखमा करिब २४ जनाले आत्महत्याको कारण ज्यान गुमाएका थिए । राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण २०२० को अनुसार ६ दशमलब ५ प्रतिशत वयस्क र ३ दशमलब ९ प्रतिशत किशोरकिशोरीमा आत्महत्याको सोच रहेको पाइएको छ ।

संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आत्महत्या रोकथाम र नियन्त्रणको लागि २४ सै घण्टा उपलब्ध हुने ११६६ नम्बरको हटलाईन सेवा सञ्चालन गरिरहेको छ । पत्रकार महासंघ मकवानपुर शाखाअध्यक्ष बालकृष्ण अधिकारीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरे, महासंघका पूर्वअध्यक्ष राममणि दाहाललगायत सञ्चारकर्मीको उपस्थिति रहेको थियो ।

# स्मारकमा जातीय संग्रहालय सञ्चालन हुने



साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ सहिद स्मारक हेटौंडामा जनजाति संग्रहालय सञ्चालन हुने भएको छ । संग्रहालयको पूर्वाधार निर्माणकार्य अन्तिमचरणमा पुगेको र असारको अन्तिम सातासम्म सञ्चालनमा ल्याइने भएको छ ।

संग्रहालयको सञ्चालनको लागि विभिन्न जनजाति संगठनका अगुवासँग छलफल तथा अन्तरक्रिया भएको स्मारक विकास समितिका सदस्य नवीन सिग्देलले जानकारी दिए । छलफलमा स्मारक विकास समितिका अध्यक्ष तथा प्रथम मूख्यमन्त्री डोरमणि पौडेलले आदिबासी जनजाति समूदायको भेषभूषा, रहनसहन, रीतिरिवाज, भाषा सँस्कृति पहिचान झल्काउने सामग्री संकलन गरी राखिने बताए । उनले संग्रहालय अवलोकनको साथै अध्ययन र अनुसन्धानको केन्द्र बन्ने र विभिन्न जातिजनजातिको असल संस्कार र मूल्यमान्यताको प्रचार र संरक्षण गर्न मदत गर्ने बताए ।

तत्काल चेपाङ, तामाङ, नेवार, थारु, माझी, मगर, गुरुङ, राई, लिम्बू, किराँत राई, सुनुवार, बनकरिया, पहरीलगायतको पहिचान दिने सामग्री राख्न कार्य अगाडि बढाइएको छ ।


छलफल तथा अन्तरक्रियाबाट संग्रहालय सञ्चालनको लागि आवश्यक सामग्री संकलन समन्वय गर्न रामकृष्ण थापा संयोजक र सबै जनजातिका अगुवाहरु सदस्य रहेको समन्वय समिति समेत गठन गरिएको छ ।

छलफल र अन्तरक्रिया स्मारक विकास समितिका उपाध्यक्ष रामेश्वर राना, सचिव रघुनाथ खुलाल, समितिका सदस्यहरु नवीन सिग्देल, ईन्द्रप्रसाद नेपाल, कृष्णराम न्यौपाने, स्मारकका कार्यालयप्रमुख रामचन्द्र न्यौपाने, नेपाल आदिवासी जनजाति महासंघ मकवानपुरका अध्यक्ष जङ्गबहादुर गुरुङलगायत विभिन्न जातीय संगठनका अगुवाको उपस्थितिमा छलफल र अन्तरक्रिया सम्पन्न भएको हो ।

# 'धरपकड र थुनछेकले निजी क्षेत्र निरुत्साहित'

साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ नयाँ सरकार गठन भएपछि मुलुकमा स्थिरता कायमभई लगानीको अनुकूल वातावरण बन्ने अपेक्षा गरिएको समयमा उद्यमी व्यवसायीमाथि भइरहेको धरपकड र थुनछेकले निजीक्षेत्र निरुत्साहित भएको उद्योगी व्यवसायीको संस्थाले बताएका छन् ।




नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई), नेपाल उद्योग परिसंघ (सीएनआई) र नेपाल चेम्बर अफ कमर्स (एनसीसी) ले शुक्रवार संयुक्तरुपमा भनाइ सार्वजनिक गर्दै पछिल्ला दिनमा सरकारले उद्योगी व्यवसायीमाथि धरपकट गर्दा निजीक्षेत्र त्रसित भएको भन्दै सरकारको ध्यानाकर्षण गराएका हुन् । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डे र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले सयुक्तरुपमा सार्वजनिक गरेको विज्ञप्तीमा अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारीमा ८६ प्रतिशत योगदान पुऱ्याइरहेको निजीक्षेत्र त्रसित हुनुपर्ने अवस्था सिर्जना हुँदा यसले अर्थतन्त्र, रोजगारी, राजस्व तथा पूर्वाधार निर्माणमा गम्भीर असर पार्न सक्ने बताइएको छ ।

तीनै संगठनले नियामकीय निकायका प्रतिवेदनका आधारमा मात्र उद्योगी व्यवसायीलाई पक्राउ गर्नुको साटो आर्थिक कसुर सम्बन्धमा पहिले सुनुवाई गर्ने र कसुर प्रमाणित भएपछि मात्र थुन्ने दृष्टिकोण अपनाउन सरकारलाई आग्रह गरेका छन् । 'उद्यमी व्यवसायी अनुसन्धानलाई सघाउन पूर्ण तयार रहेको र प्रहरीले बोलाएको समयमा उपस्थित हुने जानकारी दिँदादिँदै पनि आर्थिक कसुरकै अभियोगमा पक्राउ गरिनुले समग्र निजीक्षेत्रलाई चिन्तित र दु:खी बनाएको छ,' विज्ञप्तीमा उल्लेख छ । यस्तो धरपकडले व्यक्तिगतरुपमा मात्र नभई लाखौं रोजगारी, आपूर्ति श्रृंखला, बैंकिङ क्षेत्र र सम्पूर्ण आर्थिक प्रणालीमा गम्भीर धक्का पुग्ने तथा अर्थतन्त्र संकटमा पर्न सक्नेतर्फ पनि ध्यानाकर्षण गराइएको छ ।

निजी क्षेत्रले कसुर प्रमाणित भए दोषी व्यक्ति कारबाहीको भागिदार हुनुपर्छ भन्नेमा कुनै विमति नरहेको स्पष्ट पारेको छ । नेपालको संविधानले प्रदान गरेको सम्मानपूर्वक बाँच्न पाउने अधिकार र कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने व्यवस्थाको स्मरण गराउँदै सरकारलाई गम्भीर हुन आग्रह गरेको छ । हाल सरकारले नीति तथा कानून निर्माणमा निजीक्षेत्रलाई समेत सामेल गराउन थालेको र मन्त्रीपरिषद्ले निजीक्षेत्र संरक्षण एवं प्रवर्द्धन रणनीति पारित गरिसकेको सन्दर्भमा यस्ता गतिविधिले निजीक्षेत्रलाई थप सशंकित बनाएको उल्लेख छ ।


विगत करिब चार वर्षदेखि शिथिल बन्दै गएको अर्थतन्त्र नयाँ निर्वाचनपछि दुईतिहाई बहुमतको बलियो सरकार गठन भएसँगै नीति र व्यवसायीमैत्री व्यवहारबाट गतिशील बन्ने अपेक्षा गरिएको थियो । तर, यस्ता घटनाले लगानी अभिवृद्धि र लगानीकर्तालाई सुरक्षित महशुस गराउने प्रयासलाई प्रभावित पार्न नहुने निजीक्षेत्रले बताएको छ ।



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

विज्ञान/प्रविधि

# नासाको अधुरो 'अन्तरिक्ष माकुरा' सपनालाई चिनियाँ वैज्ञानिकले मूर्त रूप दिने




अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले वर्षौंअघि अघि सारेको 'स्पाइडरफ्याब' परियोजना अहिले चिनियाँ वैज्ञानिकहरूको सक्रियताका कारण चर्चामा आएको छ । यस परियोजनामा माकुरा जस्तै देखिने रोबोटले अन्तरिक्षमै सोलार पावर स्टेशन र विशाल एन्टिनाहरू बुन्ने परिकल्पना गरिएको थियो ।

नासाको यो सपना अन्तरिक्षसम्म पुग्न नसके पनि चीनको उत्तरी भागमा रहेको स्यानयाङ इन्स्टिच्युट अफ अटोमेसनका वैज्ञानिकहरूले यस्तै लक्ष्य प्राप्त गर्नका लागि आवश्यक मुख्य प्रविधिहरू विकास गरेको दाबी गरेका छन्।

हालै 'स्पेस: साइन्स एण्ड टेक्नोलोजी' जर्नलमा प्रकाशित प्रतिवेदन अनुसार, चिनियाँ अनुसन्धान टोलीले कार्बन फाइबर कम्पोजिटबाट बलिया र खोक्रा ट्युबहरू बनाएर तिनीहरूलाई थ्रीडी-प्रिन्टेड कनेक्टरहरूसँग जोड्ने प्रविधि विकास गरेको छ।

यस प्रक्रियामा लेजरको प्रयोग गरेर ट्युब र जोर्नीहरूलाई बोल्ट वा ग्लु बिना नै मजबुतसँग जोडिएको छ। यो प्रविधिले अन्तरिक्षमा अत्यन्तै हल्का तर बलियो संरचना निर्माण गर्न सम्भव तुल्याउनेछ।

अहिलेको अन्तरिक्ष प्रविधिमा सबैभन्दा ठूलो चुनौती रकेटको सीमित आकार र प्रक्षेपणको समयमा हुने तीव्र बल हो। पृथ्वीमा निर्माण गरिएका ठूला संरचनाहरूलाई रकेटमा अटाउन कठिन हुन्छ र प्रक्षेपणको दबाबले नाजुक उपकरणहरू बिग्रने डर हुन्छ।

तर, चिनियाँ वैज्ञानिकहरूको यो नयाँ विधिले अन्तरिक्षमै सिधै पार्टपुर्जाहरू बनाउन, जोड्न र जडान गर्न अनुमति दिन्छ, जसले गर्दा सयौं मिटर लामा संरचनाहरू पनि सजिलै निर्माण गर्न सकिनेछ।

सन् २०२२ देखि अमेरिकी प्रतिबन्धको सूचीमा रहेको यस स्यानयाङ इन्स्टिच्युटले यो प्रविधिलाई आगामी पुस्ताको अन्तरिक्ष प्रणालीका लागि आधारभूत प्रविधि मानिएको बताएको छ।

प्रयोगशालामा एउटा सानो एन्टिना संरचना बनाएर यो अवधारणा सफल रहेको प्रदर्शन गरिसकिएको छ। यदि यो प्रविधि पूर्ण रूपमा कार्यान्वयनमा आएमा, यसले अन्तरिक्ष अन्वेषण, सञ्चार र सौर्य ऊर्जा सङ्कलनका लागि विशाल संरचनाहरू निर्माण गर्ने विश्वव्यापी होडमा नयाँ आयाम थप्नेछ।

साहित्य

कथा

# जन्मन नपाएकी छोरीको विद्रोह



रमाकान्त शर्मा

घरमा हामी दुई बुढाबुढी मात्र छौं । घर यति सुनसान छ कि कहिलेकाहीं आफ्नै सासको आवाज पनि ठूलो लाग्छ । यही घर बीस वर्षअघि कति गुल्जार थियो, कति जीवन्त र रमाइलो ! अहिले भने घर, बाटो, घाटो, वनपाखा सबै सुनसान लाग्छन् । बाटोमा हिँड्दा दुई छोरालाई अघिपछि लगाएर टुकुटुकु हिँडाएको दिन सम्झना आउँछ । त्यतिबेला गाउँका वनपाखा पनि रमाइला लाग्थे । अहिले भने सबै उराठिलो । मन र माइलो भए संसार रमाइलो लाग्दो रहेछ, मन उदास भयो भने सबै कुरा सुनसान लाग्दो रहेछ ।

हाम्रो लाम्सु गाउँ पनि पहिले जस्तो कहाँ रह्यो र ! तेह्र परिवार बस्ने गाउँ अहिले घटेर आठ परिवारमा झरेको छ । पाँचवटा घरमा मुसाको राज्य चलेको छ । एक समय त्यस्ता खाली घरहरूमा डम्फु र मादल बज्थे, झ्याउरेका भाका गुञ्जन्थे । अहिले त युवा युवती सबै विदेशिएका छन् । कसले गाओस् झ्याउरे, कसले बजाओस् मादल र डम्फु? बलको काम गर्ने कोही छैन गाउँमा । बिरामी पर्दा पानी खुवाउने र अस्पताल लैजाने मान्छे पनि पाइँदैन । खेतबारी जंगलले ढाकिसकेको छ । पहिला बाँदर देख्न टाढाका गाउँ बिरौनी र टुनिवेट जानुपर्थ्यो, अहिले त घरभित्रै पसेर मकैका झोतेला लिएर हिँड्छन् । बारीका फलफूल पनि मानिसले खान पाउँदैन, बाँदरकै भागजस्तो भएको छ।

दुई छोरा मध्ये जेठो अमेरिका गएको अठार वर्ष भइसकेछ । श्रीमती र छोराछोरीलाई पनि उतै लगेर बसोबास गरेको छ । घर बनाएको छु भन्छ, तर त्यो घर कस्तो होला– मैले त देख्न पाएकै छैन, केवल कल्पनामा मात्र । नाती-नातिनाले पनि हामीलाई राम्ररी चिन्दैनन् । कहिलेकाहीँ इन्टरनेट लागेको बेला भिडियो कल हुन्छ । तर उ 'म व्यस्त छु' भन्दै मोबाइल श्रीमती वा छोराछोरीलाई थमाइदिन्छ । मनभरि थुप्रिएका कुरा सुनाउने रहर हुन्छ, तर सुनाउन पाइँदैन । नाती-नातिनासँग कुरा गर्न खोज्दा उनीहरूले मेरा कुरा बुझ्दैनन्, मैले उनीहरूको भाषा बुझ्दिनँ । नेपाली शब्द खोज्दा खोज्दै उनीहरूले बोल्न खोजेको कुरा नै बिर्सिन्छन् ।

कान्छो छोरा अस्ट्रेलिया गएको पनि पन्ध्र वर्ष भयो । उतै नर्सिङ् पढेकी केटीसँग विवाह गरेको रे । बुहारीले बुढाबुढीको हेरचाह गर्ने जागिर पाएकी छे, भन्छ । उता बुहारीले विदेशी बुढाबुढीको सेवा गर्छे, यता हामी बिरामी पर्दा पानी दिने मान्छे पनि छैन । कहिलेकाहीँ भिडियो कल उठाएर यत सञ्चै छौं भन्यो र त्यता सञ्चै छ ?' भनेर सोधिदियो भने पनि मन खुसी हुन्छ । ऊ गाउँ नफर्केको पनि पाँच वर्ष हुन लाग्यो ।

त्यतिबेला त सबैले कति भाग्यमानी भनिरहेका थिए–"दुई दुई वटा छोरा छन् ।" अरूका छोरीहरूले बाबुआमालाई गर्ने स्याहार-सुसार देख्दा मनभित्र कताकता चसक्क दुख्छ । घिउर दिदीको छोरी अमेरिका छे । उसले दिदीभिनाजुलाई अमेरिका बोलाएर तीन महिना राखेर घुमाएर पठाई । हामीलाई भने अहिलेसम्म कुनै छोराले बोलाएको छैन । बरु बुहारीहरू सुत्केरी हुँदा बुहारीका आमाबाबुहरुलाई बोलाइए, महिनौं उतै राखेर घुमाएर पठाइए । धुल्लुकी फुपूलाई छोरी मात्र हुँदा गाउँलेहरूले 'भाग्य नभएकी' भन्दै दया देखाउँथे। तर आज हेर्दा त उनी नै सबैभन्दा भाग्यमानी देखिन्छिन् । छोरी-ज्वाइँहरू आलोपालो गरेर घरमा आउँछन्, सेवा गर्छन् । कहिले काठमाडौं, कहिले पोखरा, कहिले भारतका तीर्थ–छोरीहरूले उनलाई धेरै ठाउँ घुमाइसके ।

उमेर पनि सत्तरी नाघिसक्यो । पोखरा पुगेर डाक्टरलाई देखाउँदा बुढालाई रक्तचाप, सुगर र प्रोस्टेटको समस्या छ भने । बिहान हिँड्नुस्, औषधि नियमित खानुस् भनेर धेरै औषधि लेखिदिएका छन् । तर बुढा कतिबेला बाटोमै लड्ने हुन् भन्ने डर लाग्छ । एकदिन हिँड्दै गर्दा बाटोमै पल्टिएछन् । पल्लाघरे जेठीले देखेर उठाइन् । उनले नदेखेको भए के हुन्थ्यो, सोच्न पनि डर लाग्छ ।

कहिलेकाहीँ मनमा एउटै प्रश्न गुञ्जिर हन्छ–"त्यो छोरी जन्मन पाएकी भए आज हाम्रो जीवन कस्तो हुन्थ्यो होला?" अरूका छोरीहरू 'आमा' भन्दै पटक पटक आउँदा गर्भमै मारिएकी मेरी छोरीको यादले मन चिरिन्छ । पहिलो पटक गर्भवती हुँदा डाक्टरकहाँ जाँच गराउँन गएका थियौं । गर्भमा छोरी रहेको थाहा भयो । बुढाले गम्भीर स्वरमा भने– 'पहिलो सन्तान छोरा हुनुपर्छ, छोरी त पछि पनि हुन्छे ।' पढेलेखेका उनका कुरा कसरी नमानूँ ? अन्ततः त्यो नजन्मिएकी छोरीलाई गर्भमै विदा गरियो। एक दिन बेलुकी काम सकेर ओछ्यानमा के पल्टिएँ । बुढा निदाइसकेका थिए । म पनि दोलाइ ओढेर सुत्न खोजेँ । आँखा लागेछ कि लागेन, म एक अनौठो सपनामा हराएँ छु ।

पोखराको क्लिनिकमा भ्रूणमै मारिएकी छोरी जन्मिएकी देखेँ । उसको नाम क्रान्ति राखिएको रहेछ । उसलाई हात समाएर हिँड्न सिकाएको, ऊ आफै टुकुटुकु हिँडेको, विद्यालयमा भर्ना गरिदिएको सबै देखेँ । पढाइ, खेल, नाच, गीत–जहाँ गए पनि ऊ सधैं अगाडि । पुरस्कार ल्याएर हामीलाई खुसी बनाउने । हेर्दाहेर्दै एसएलसी पास गरेर क्याम्पस पढ्न पोखरा गएकी । हामी बिरामी पर्दा अस्पताल लैजाने, औषधि ल्याइदिने, सबै काम सम्हाल्ने ।

ऊ पढाइमा झनै अब्बल भइछे । पछि सामाजिक कार्यकर्ता बनेर गाउँ-गाउँ महिलाको हक अधिकारका लागि काम गर्न थालीछे । गएको चुनावमा संसद जितेकी रहेछे । त्यो खबर सुन्दा मेरो छाती गर्वले फुलेको देखेँ । विजय समारोहमा सबैले उसलाई अबिर लगाइदिएका थिए । क्रान्तिले मञ्चबाट जोडदार भाषण गरिरहेकी थिई– "म आज समाजसँग मात्र होइन, आफ्नै बाबुआमासँग पनि प्रश्न गर्न चाहन्छु । म जन्मन नपाएकी छोरी हुँ । गर्भमै छोरी मार्ने अपराध गर्नेहरूलाई कानुनले कठोर सजाय दिनुपर्छ, जेलमा कोच्नु पर्छ ।"

यति भन्दै गर्दा म झल्यास्स ब्युँझिएँ । मन डरले थरथर काँपिरहेको थियो । शरीर पसिनाले भिजेको थियो । आफैलाई ठूलो अपराधी जस्तो लाग्यो । बुढा खोकेर फेरि निदाइसकेका थिए । उठाएर सुनाउँ कि जस्तो लाग्यो, तर उठाउन सकिनँ । जगको पानी गिलासमा खन्याएर एकै सासमा पिएँ । त्यस रात निद्रा भागेको मात्र होइन, पुराना सम्झनाहरू पनि मनमा बिस्तारै जाग्न थाले ।

स्वास्थ्य

# ७२ घण्टे औषधि: महिलाको शरीरमा के हुन्छ, जब यो खाइन्छ ?

'मैले ७२ घण्टे औषधि खाएँ । यसले के हानि गर्छ ?' प्रसूति तथा स्त्री रोग विशेषज्ञ डा. दीजा खनालको म्यासेज बक्समा साथीको प्रश्न थियो । उनले यसरी अरुबेला पनि औषधि खाएकी रहिछन् । साथीले एक वर्षमा पटक पटक अनियमित महिनावारी भइरहने बताएकी थिइन् ।

यस्तै, अर्की ३२ वर्षीया महिलाले पनि उनलाई आपतकालिन चक्की खाएपछि स्वास्थ्य समस्या भएको बताएकी थिइन् । महिलाले भनेकी थिइन्, '७२ घण्टे औषधि खाएको ५ दिन पछि ४-५ थोपा चक्लेटको रङ जस्तो रगत दखियो । यसरी रगतको थोपा देखिएको १० दिन भइसक्यो ।'

उनले शारीरिक रुपमा कमजोर महसुस गरेकी थिइन् । 'गर्भ परीक्षण गर्ने किट ल्याएँ' उनले सुनाइन्, 'त्यो पनि नेगेटिभ देखाउँछ, किन होला ?' उनको अल्ट्रासाउन्ड गरियो । डिम्बाशयमा स-साना सिस्टहरू देखिए, एन्डोमेट्रियम पातलो थियो र हर्मोनल असन्तुलन प्रष्ट थियो । धेरै विवाहित महिलाको साझा समस्या हो, जुन दिनहुँजसो डा. दीजाले सुन्ने गरेकी छिन् । डा. दीजा भन्छिन्, 'उनीहरुले विभिन्न परिस्थिति र बाध्यतामा यस्तो औषधि खानुपरेको बताउँछन् । तर, बारम्बार खाँदा निकै जटिलता आउँछ भन्ने हेक्का राख्दैनन् ।'

**७२ घण्टे औषधि के हो ?**
**यसको भूमिका के हो ?**

७२ घण्टे गर्भनिरोधक औषधि एक आपत्कालीन गर्भनिरोधक चक्की हो । यसलाई सामान्यत धेरैले 'आई-पिल' भनेर चिनिन्छ । सन्तानको इच्छा नहुँदा नहुँदै पनि कहिलेकाहीं यौन सम्पर्कको क्रममा गर्भ रहने जोखिम रहन्छ । यस्तो जोखिम खासगरी कुनै पनि गर्भनिरोधक विधि नअपनाएको अवस्थामा हुन्छ । यसैगरी नियमित चक्की छुट्दा, कन्डम फुट्दा पनि अनिच्छित गर्भ रहनसक्छ ।

**यस्तो अवस्थामा के गर्ने त ?**

यसका लागि यस्तो औषधि बजारमा पाइन्छन्, जसले गर्भ रहने जोखिमलाई रोक्छ । यसलाई 'आकस्मिक गर्भनिरोधक चक्की' भनिन्छ । असुरक्षित सम्बन्धपछि ७२ घण्टाभित्र यो औषधि खाइसक्नुपर्ने हुन्छ । 'जति छिटो औषधि खाइन्छ' डा. दीजा भन्छिन्, 'त्यति नै यो प्रभावकारी हुन्छ ।'

**किन यसलाई आकस्मिक भनिन्छ ?**

डा. दीजा भन्छिन्, 'आकस्मिक गर्भनिरोधक चक्कीमा लेभोनोर्जेस्ट्रेल नामक सिन्थेटिक प्रोजेस्टिन हर्मोनको उच्च मात्रा हुन्छ ।

सामान्य अवस्थामा र नियमित खाइने गर्भनिरोधक चक्कीको भन्दा यसको डोज उच्च हुन्छ, जसले तुरुन्त प्रभाव पार्छ । यही कारण यसलाई आकस्मिक अवस्थामा मात्र प्रयोग गर्न सिफारिस गरिन्छ ।' प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. उपमा यसलाई 'फायर एक्सटिङ्गुइशर' जस्तै हो भनेर व्याख्या गर्छिन ।

उनी भन्छिन्, 'धेरै महिलाले ७२ घन्टे औषधिलाई सजिलो विकल्प मान्छन् । तर यसको भूमिका नियमित सुरक्षा दिनु होइन । यो 'फायर एक्सटिङ्गुइशर' जस्तै हो । आगो लगाउन होइन, लागेपछि निभाउन प्रयोग गरिन्छ । त्यसैले, पटक पटक प्रयोग गर्नुहुँदैन ।' उनका अनुसार यो बाध्यकारी अवस्थामा खाने आकस्मिक सुरक्षा जाल हो, दीर्घकालीन परिवार नियोजनको विकल्प होइन ।

**गर्भ बस्नबाट कसरी रोक्छ ?**

गर्भ रहने जैविक प्रक्रिया तीन चरणमा निर्भर हुन्छ । डिम्ब निष्कासन, निषेचन र गर्भाशयको वातावरणमा विभिन्न तरिकाले असर गर्छ ।

**पहिलो चरण, डिम्ब निष्कासन रोक्नु वा ढिलाइ गर्नु**

महिनावारी चक्रको मध्यभागमा मस्तिष्कको पिट्युटरी ग्रन्थीबाट एलएच ल्यूटेनाइजिङ हर्मोन अचानक बढ्छ । यो हर्मोनले डिम्बाशयबाट अण्डा बाहिर निस्कन्छ । यसैलाई ओभुलेसन भनिन्छ । यही समयमा असुरक्षित सम्बन्ध भएमा गर्भ बस्ने सम्भावना उच्च हुन्छ ।

डा. दीजाका अनुसार ७२ घण्टे औषधिमा भएको उच्च मात्रा प्रोजेस्टनले मस्तिष्कलाई 'शरीरमा पहिले नै पर्याप्त प्रोजेस्टेरोन छ' भन्ने संकेत दिन्छ । यसले एलएच ल्यूटेनाइजिंग हर्मोन प्रवाहलाई रोक्न वा हुनै दिंदैन।

डा. दीजा खनाल भन्छिन्, 'जब यो हर्मोन प्रवाह नै हुँदैन, अण्डा बाहिर निस्कँदैन । जब अण्डा नै बाहिर निस्कँदैन, जसले शुक्रकीटसँग मिलन हुन नदिई गर्भ बस्ने सम्भावना घटाउँछ ।' यदि औषधि ओभुलेसन हुनुअघि खाइयो भने यसको प्रभाव अत्यधिक हुन्छ ।

**दोस्रो चरण : निषेचनमा अवरोध गर्नु**

अण्डा निस्किसकेको अवस्थामा औषधि खाइयो भने पनि केही सुरक्षा बाँकी रहन्छ । डा. दीजा स्पष्ट पार्छिन्, 'उच्च मात्रा प्रोजेस्टिनले गर्भाशयको मुखमा हुने (म्युकस) चिप्लो तरल



पदार्थलाई बाक्लो बनाउँछ । सामान्य अवस्थामा इस्ट्रोजेन बढी हुँदा म्युकस पातलो र चिप्लो हुन्छ, जसले शुक्रकीटलाई सजिलै अण्डासम्म पुग्न मद्दत गर्छ । बाक्लो म्युकसले शुक्रकीटको गतिलाई सुस्त बनाउँछ, जसले अण्डासम्म पुग्न गाह्रो बनाउँछ । यसले निषेचनको सम्भावना घटाउँछ ।'

यसले शुक्रकीटको जीवन अवधि र गतिशीलता पनि घटाउन सक्छ, जसले निषेचनको सम्भावना कम गरी गर्भ रोक्न मद्दत गर्ने उनी बताउँछिन् ।

**तेस्रो चरण : गर्भाशयको वातावरण परिवर्तन गर्नु**

दुर्लभ अवस्थामा निषेचन भइसकेको छ भने पनि औषधिले गर्भाशयको भित्री तह अर्थात् एन्डोमेट्रियममा असर गर्छ । सामान्य अवस्थामा इस्ट्रोजेन र प्रोजेस्टेरोनको सन्तुलनले एन्डोमेट्रियमलाई बाक्लो र नरम बनाउँछ, ताकि भ्रुण सजिलै बस्न सकोस् । तर ७२ घण्टे औषधिमा भएको उच्च प्रोजेस्टिनले यो सन्तुलन बिगारेर एन्डोमेट्रियम पातलो बनाउन सक्छ ।

डा. दीजा भन्छिन्, 'एन्डोमेट्रियम पातलो हुँदा भ्रुणलाई बस्न उपयुक्त ठाउँ तयार हुँदैन । तर यदि भ्रुण पहिल्यै बसिसकेको छ भने यस औषधिले त्यसलाई हटाउन सक्दैन ।'

**औषधिले हुनसक्छ, साइड इफेक्ट**

७२ घण्टे औषधि सेवन गरेपछि सुरुमा देखिने असर प्राय: हल्का र अस्थायी हुन्छन् । डा. दीजा भन्छिन्, 'यो औषधिमा उच्च मात्रा प्रोजेस्टिन हर्मोन हुने भएकाले शरीरको प्राकृतिक हर्मोन चक्रमा अचानक परिवर्तन हुन्छ । त्यसैले सुरुवाती केही दिन सामान्यभन्दा फरक लक्षण देखिन सक्छ ।'

उनका अनुसार सबैभन्दा सामान्य साइड इफेक्टहरूमा अनियमित महिनावारी, वाकवाकी, हल्का बान्ता, टाउको दुखाइ, स्तन दुख्ने वा भारी महसुस हुनु पर्छन् । कतिपय महिलामा तल्लो पेट दुखाइ वा पेट फुल्ने जस्तो अनुभूति पनि हुन सक्छ ।

'कसैको महिनावारी १० दिन नकट्दै चाँडो आउँछ, कसैको ढिलो हुन्छ, र कसैमा लामो समयसम्म चक्लेट रंगको थोपा-थोपा रगत देखिन सक्छ, 'डा. दीजा भन्छिन् । यसरी चक्लेट रंगको थोपा-थोपा आउनु भनेको महिनावारी नभई औषधिकै प्रतिक्रिया हुनसक्ने उनी बताउँछिन् ।

उनी थप्छिन्, 'यी असरहरू प्राय: केही दिनमै आफैं कम हुन्छन् । तर अत्यधिक रक्तस्राव, असह्य पेट दुखाइ वा दुई-तीन महिना महिनावारी नआएमा भने तुरुन्त जाँच गराउनुपर्छ ।'

**पटक-पटक ७२ घण्टे**
**औषधि सेवन गर्दा के हुन्छ ?**

पटक-पटक सेवन गर्दा शरीरमा हर्मोनल असन्तुलन बढ्न सक्छ । प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. दीजा खनालका अनुसार यसमा उच्च मात्रा प्रोजेस्टिन हुन्छ । बारम्बार प्रयोग गर्दा शरीरको प्राकृतिक इस्ट्रोजेन-प्रोजेस्टेरोन सन्तुलन बिग्रिन सक्छ, जसले महिनावारी चक्र अनियमित बनाउँछ ।

सम्भावित असरहरू महिनावारी अनियमित हुनु , लामो समय स्पटिङ (थोपा-थोपा रगत), २-३ महिना महिनावारी रोकिनु, तल्लो पेट दुखाइ वा भारीपन र हर्मोनल असन्तुलनका कारण मुड स्विङ, थकान बढ्न सक्छ । कतिपय अवस्थामा अल्ट्रासाउन्डमा स-साना डिम्बाशय सिस्ट देखिन सक्छन्, जुन प्राय: अस्थायी हुन्छन् तर शरीरमा हर्मोनल झट्काको संकेत हुन सक्ने उनी बताउछिन् ।

अर्को जटिल समस्या भनेको गर्भ बसिसकेको खण्डमा बच्चाको मृत्यु हुने जोखिम बढ्ने डा. खनाल बताउछिन् । '७२ घण्टाभन्दा पछी खाइयो भने गर्भ बसेर बच्चा नलीमा बस्न सक्छ । यो अवस्थामा बच्चा बढ्न गई नली फुटेर बच्चाको ज्यानै जान सक्छ, 'उनी भन्छिन् ।

**के यौ औषधिले पछि सन्तान नै नहुने पनि हुनसक्छ ?**

नि:सन्तान तथा स्त्रीरोग विशेषज्ञ डा. उपमा बस्नेत भन्छिन्, 'धेरै महिलाको मनमा उठ्ने प्रश्न यही हो, के ७२ घण्टे औषधि बारम्बार वा मनलाग्दी खाँदा भविष्यमा बच्चा नबस्ने हुन सक्छ ?'

उनका अनुसार हालसम्मको वैज्ञानिक प्रमाणले यो औषधिले स्थायी रूपमा बाँझोपन गराउँछ भन्ने देखाएको छैन । अर्थात्, एक-दुई पटक आपत्कालीन अवस्थामा सेवन गर्दा भविष्यमा गर्भधारण क्षमतामा स्थायी असर पर्ने सम्भावना अत्यन्त न्यून हुन्छ । 'समस्या तब सुरु हुन्छ जब यो औषधि नियमित गर्भनिरोधकको सट्टा बारम्बार प्रयोग गरिन्छ । उच्च मात्रा प्रोजेस्टेरोनले शरीरको प्राकृतिक हर्मोन चक्रमा पटक-पटक झट्का दिन्छ । यसले ओभुलेसन अस्थायी रूपमा रोकिन सक्छ, महिनावारी अनियमित हुन सक्छ वा केही महिनासम्म बन्द पनि हुन सक्छ, 'डा. बस्नेत भन्छिन् ।

यद्यपि, यदि लामो समयसम्म महिनावारी नआउनु, लगातार हर्मोनल असन्तुलन वा अन्य समस्या देखिएमा जाँच गराउनु आवश्यक हुन्छ । कतिपय अवस्थामा पहिलेदेखि रहेको पीसीओएस, थाइराइड वा अन्य समस्या पनि कारण हुन सक्ने उनी बताउछिन् । डा. दीजा थपछिन्, 'यो स्थायी बाँझोपनको कारण बन्छ भन्ने प्रमाण छैन, तर शरीरलाई बारम्बार कृत्रिम हर्मोनको उच्च मात्रा दिनु राम्रो अभ्यास होइन ।'

त्यसोभए, ७२ घण्टे औषधिको विकल्पमा सुरक्षित अस्थायी साधन के हुन्छ ?

गर्भनिरोधको 'सबैभन्दा राम्रो' उपाय एउटै हुँदैन । यो महिलाको उमेर, स्वास्थ्य अवस्था, सन्तानको योजना, स्तनपानको अवस्था र जीवनशैली अनुसार फरक पर्छ ।

डा. दीजा खनालका अनुसार यदि नियमित रूपमा गर्भ रोक्न चाहने र दैनिक औषधि खान सक्ने महिला हुन् भने ओरल कन्ट्रासेप्टिभ पिल्स (पिल) अत्यन्त प्रभावकारी र सुरक्षित विकल्प हो । सही तरिकाले दैनिक सेवन गर्दा यसको प्रभावकारिता ९९ प्रतिशतसम्म हुन्छ । यसले महिनावारी नियमित बनाउने र दुखाइ कम गर्ने फाइदा पनि दिन सक्छ । डा. उपमा सन्तानबीच लामो जन्मान्तर चाहिएको छ भने दीर्घकालीन गर्भनिरोधक का केही विधि उपयुक्त हुने सुझाव दिन्छिन् ।

जस्तो की,
कपर्टी - पाठेघरभित्र राखिने सानो उपकरण, ५-१० वर्षसम्म प्रभावकारी ।
नरप्लान्ट - हातको छालामुनि राखिने सानो रड, ३-५ वर्षसम्म सुरक्षा दिने, मनलाग्दा झिकेर सन्तान योजना गर्न सकिने ।
डिपो इन्जेक्सन - प्रत्येक ३ महिनामा लगाइने हर्मोनल इन्जेक्सन ।

डा. उपमा भन्छिन्, 'यी विधिहरूले दैनिक चिन्ता हटाउँछन् र ७२ घण्टे औषधि जस्तो हर्मोनल झट्का दिनु पर्दैन ।' त्यसैले, आकस्मिक औषधिलाई बानी नबनाई, आफ्नो अवस्था अनुसार चिकित्सकसँग सल्लाह गरेर नियमित र सुरक्षित गर्भनिरोधक विधि छनोट गर्नु नै सबैभन्दा राम्रो उपाय हो ।

**७२ घण्टे औषधिले बनाउन सक्छ, सिस्ट**

डा. बस्नेतका अनुसार उच्च डोज लेभोनोर्जेस्ट्रेलले एलएच हर्मोन बढ्न दिदैन, जसले अण्डा निस्किनबाट रोक्छ । यसरी निस्किन नपाएका अण्डालाई एफएसएचले स-साना तरलले भरिएको थैलीमा विकास गर्छ। यी थैली परिपक्व भएर फुट्दैनन्, फुल्लिएर सिस्ट बन्छन् । बारम्बार प्रयोगले हर्मोनल असन्तुलन बढाउँछ, पीसीओएसको जोखिम हुनसक्छ । यही कारण डिम्बाशयमा स-साना सिस्टहरू जम्मा हुन्छन् ।

यी प्राय: अस्थायी हुन्छन्, तर दुरुपयोगले दीर्घकालीन समस्या निम्त्याउने उनी बताउछिन् । आकस्मिक अवस्थामा एकपटक बाहेक यस्तो औषधि पटक पटक नलिन विशेषज्ञहरु सुझाउछन् ।

*(स्रोत: अनलाइनखबर)*

संघीय निजामती विधेयक:

# कर्मचारीको उमेरहद ६० वर्ष प्रस्तावित, अन्य के छ नयाँ व्यवस्था ?




काठमाडौं/संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निजामती कर्मचारीहरूको उमेरहद ६० वर्षको हुने गरी संघीय निजामती विधेयकको मस्यौदा तयार गरेको छ । मन्त्रालयको टोलीले तयार पारेको मस्यौदा सुझावका लागि सार्वजनिक गर्ने तयारी गरेको हो ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले निजामती कर्मचारीहरू ६० वर्षमा अवकाश हुने गरी विधेयकको मस्यौदा तयार पारिएको बताइन् । उनका अनुसार, विधेयक संघीय संसदबाट पारित भएपछि पहिलो वर्ष ५९ वर्ष र अर्को वर्ष ६० वर्ष उमेर हद कायम हुनेगरी प्रस्तावित व्यवस्था कार्यान्वयनमा आउनेछ ।

'हामीले मन्त्रालयका कर्मचारीहरू र विज्ञ टोलीसँग विधेयकका वारेमा लामो छलफल गरेका थियौं, तर यो विचमा चलेको हल्ला र अपवाहका विषयवस्तु विधेयकमा समावेश छैनन्,' उनले भनिन्, 'कर्मचारीहरूलाई डिजिटल सेवामुखी बनाउने अनि क्षमता र दक्षताका आधारमा प्रोत्साहन गर्ने नीतिलाई प्राथमिकता दिएर विधेयक तयार पारिएको हो ।'

**उमेरहद र सेवा अवधि**

मन्त्रालयले तयार पारेको विधेयकको मस्यौदामा निजामती कर्मचारीहरूको उमेरहद ६० वर्षको हुनेछ, तर त्यो व्यवस्था दुई चरणमा कार्यान्वयन हुनेछ ।

मुख्यसचिव (चौधौं तह) तहको पदावधि दुई वर्षको हुने परिकल्पना छ, अहिले मुख्यसचिवको पदावधि तीन वर्षको थियो । मन्त्रालयले सचिव(तेह्रौं तह)को पदावधि दुई वर्षको हुने प्रस्ताव गरेको छ । तर सरकारले चाहेमा एक वर्ष थपेर अधिकतम तीन वर्षसम्म पदमा बहाल हुने व्यवस्था गर्न सक्नेछ ।

केही सातादेखि सामाजिक सञ्जालमा हल्ला चलेजस्तो सहसचिवहरूको अधिकतम सेवाहद र छुट्टै उमेर किटान भएको छैन । सहसचिवहरू सचिवमा बढुवा नहुदासम्म ६० वर्ष नहुदासम्म असीमित समय र सचिवमा बढुवा भएमा सचिवलाई तोकिएको अवधिदेखि अवकाश हुनेछन् । ती बाहेक तल्लो तहका कर्मचारीहरूको सेवा अवधि र उमेरहदको अवस्था यथावत छ ।

**प्रवेश अवधि र कुलिङ पिरियड**

निजामती सेवामा प्रवेश गर्ने उमेरहद परिवर्तन हुनुपर्ने भनी मन्त्रालयको प्रस्ताव छ । जसअनुसार, पुरुषहरू ३२ वर्षभित्र निजामती सेवामा प्रवेश गरिसक्नुपर्नेछ । महिलाहरूलाई ३५ वर्ष र अपांगहरूको हकमा ३९ वर्षको अधिकतम उमेर कायम गरिएको छ । यसअघि पुरुषलाई ३५, महिलालाई ४० वर्षको उमेरसीमा थियो ।

विधेयकमा निजामती सेवाबाट अवकाश भएको दुई वर्षसम्म कुनै प्रकारको नियुक्ति लिन नपाइने व्यवस्था प्रस्ताव गरिएको छ । त्यसबाहेक निजामती कर्मचारीहरू अवकाशको दुई वर्षसम्म निर्वाचन लडेर समेत प्रतिस्पर्धा गर्न र निर्वाचित हुन पाउने छैनन् ।

यसअघि राज्यव्यवस्था समितिमा कुलिङ पिरियडका बारेमा चर्को बहस भएपनि विधायकहरू निष्कर्षमा पुग्न सकेका थिएनन् । त्यतिबेला नियुक्तिको विषय जोडिएपनि निर्वाचित हुन नपाइने बन्देजात्मक व्यवस्था थिएन ।

विधेयकमा सचिव सरहको कार्यकारी पदको परिकल्पना छ, जहाँ विभिन्न क्षेत्रका मानिसहरू निश्चित प्रकारको परीक्षण वा प्रतिस्पर्धाबाट सोझै नियुक्ति हुन पाउनेछन्, तर उनीहरूको पदावधि पनि निजामती सेवाको सचिव वा चौधौं तहको कर्मचारी सरहको दुई वर्ष र थप एक वर्षको हुने परिकल्पना छ ।

**स्वार्थको द्वन्द्व**

विधेयकमा स्वार्थको द्वन्द्वसम्बन्धी विषयवस्तु पनि समेटिएको छ, जस अनुसार निजामती कर्मचारीहरूले आफ्नो स्वार्थ जोडिएका विषयवस्तुहरू घोषणा गरी अभिलेखिकृत गर्नुपर्नेछ । र, उनीहरूले स्वार्थ जोडिएका विषयमा कुनै निर्णय गर्न पाउने छैनन् ।

र, स्वार्थको द्वन्द्व जोडिएको विषयमा उनीहरूले निर्णय गरेमा विभागीय कारबाहीको प्रस्ताव छ । यसअघि २०७९ सालमा कानून मन्त्रालयले छुट्टै स्वार्थको द्वन्द्वसम्बन्धी दुई विधेयकको मस्यौदा तयार गरेको थियो, तर पछि त्यसको कार्यान्वयन हुन सकेन ।

निजामती सेवामा प्रवेश गर्नेहरूका लागि खोलिएको इष्टिच्यूट र तयारी कक्षाहरूमा बहालवाला निजामती कर्मचारीहरूलाई संलग्न गराउन नहुने भनी विधेयकमा प्रस्ताव गरिएको छ ।

**पाँच वर्षसम्म प्रमुख प्रशासकीय अधिकृत**

स्थानीय तहमा रहने प्रमुख प्रशासकीय अधिकृत कुन सेवाको रहने र कसरी व्यवस्थापन गर्ने भन्नेबारे लामो समयदेखि बहस थियो । विधेयकमा संघीय तहबाट नै प्रदेशको मुख्यमन्त्री कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत खटाउने परिकल्पना छ ।

त्यसरी खटाइएका प्रमुख प्रशासकीय अधिकृतहरूलाई मुख्यमन्त्री कार्यालयले हरेक स्थानीय तहमा खटाउनेछ । ऐन जारी भएपछिको पाँच वर्षसममका लागि यस्तो व्यवस्था प्रस्ताव गरिएको हो । प्रदेश तहमा पनि दरबन्दी छुट्टयाएर निश्चित कर्मचारीहरू संघीय तहबाट हटाउने प्रस्ताव छ ।

दुईवटा स्थानीय तहको सहमती भएमा स्थानीय सेवाका कर्मचारीहरू सरुवा हुनेछन् । तर सरुवा भएर जाने कर्मचारीहरूको हकमा स्विकार गरेको स्थानीय सरकारले नै सबै जिम्मेवारी लिनुपर्ने प्रस्ताव छ । प्रदेश सेवाका कर्मचारीहरूका लागि पनि त्यस्तै अवस्थाको परिकल्पना छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'इन्जिनियरिङको व्यवहारिक प्रयोग र सरकारी नीतिबीच सहकार्य आवश्यक'




साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले नेपालजस्तो प्राकृतिक विपद्को उच्चजोखिममा रहेको मुलुकलाई सुरक्षित र उत्थानशील बनाउन वैज्ञानिक अनुसन्धान, इन्जिनियरिङको व्यावहारिक प्रयोग र सरकारको नीतिको त्रिपक्षीय सहकार्य अपरिहार्य रहेको बताएका छन् ।

नेपाल इन्जिनियर्स एशोसिएसनद्वारा ललितपुरमा आयोजित 'दिगो, उत्थानशील तथा डिजिटल पूर्वाधार' विषयक अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री देवकोटाले यी तीन क्षेत्रबीचको समन्वयविना विपद् जोखिम न्यूनीकरणका प्रयास प्रभावकारी हुन नसक्नेमा जोड दिए । 'सरकारले नीति र दृष्टिकोण तय गर्छ तर, त्यसलाई कार्यान्वयनयोग्य समाधानमा बदल्ने काम वैज्ञानिक र इन्जिनियरको हो,' उनले भने, 'जबसम्म अनुसन्धान प्रयोगशालामा सीमित रहन्छ र इन्जिनियरिङ केवल निर्माणमा केन्द्रित हुन्छ, तबसम्म नीतिहरु कागजमा मात्रै सीमित रहन्छन् ।'

उनले नेपालको भौगोलिक यथार्थ र पछिल्ला वर्षमा बढ्दै गएको विपद्को भयावह अवस्थालाई औंल्याउँदै विपद् व्यवस्थापनलाई राष्ट्रिय आवश्यकताको रुपमा लिनुपर्ने बताए । 'हाम्रा लागि विपद् पूर्वतयारी कुनै विलासिता होइन, यो हाम्रो अस्तित्वसँग जोडिएको विषय हो,' मन्त्री देवकोटाले भने । मन्त्री देवकोटाको यो भनाइलाई सरकारी तथ्यांकले पनि गम्भीररुपमा पुष्टि गर्छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले २०८२ चैतमा दिएको तथ्यांक अनुसार पछिल्लो एक वर्षको अवधिमा मात्रै नेपालमा कुल ७ हजार ६४८ वटा विपद्का घटना भएका छन् ।

ती घटनाबाट १३ हजार ९८ परिवार प्रभावित हुँदा ४७९ जनाको निधन भएको छ भने ३८ जना बेपत्ता र १ हजार ८०० जना घाइते भएका छन् । त्यस्तै गृह मन्त्रालयको विपद् पोर्टलका अनुसार विगतका वर्षहरुमा विपद्ले ठूलो जनधनको क्षति गरेको छ । २०७९ मा नेपालमा कुल ४ हजार ५५६ वटा विपद्का घटनामा परेर ४८४ जनाको मृत्यु र ३७ जना बेपत्ता भएका थिए । यो वर्ष विपद्का कारण २ हजार ७९ वटा पूर्वाधार संरचनामा क्षति पुग्नुका साथै करिब ४ हजार पशुचौपाया मरेका थिए भने कुल २ अर्ब ८६ करोड रुपैयाँको आर्थिक क्षति बेहोर्नु परेको थियो ।

मन्त्री देवकोटाले भूकम्पीय जोखिमको नक्सांकनदेखि बाढी पूर्वानुमान प्रणालीको विकास र पहिरो रोकथामका लागि नवीन प्रविधिको प्रयोग गर्न वैज्ञानिक समुदायलाई आग्रह गरेका छन् । उनले अनुसन्धानबाट प्राप्त ज्ञानलाई व्यावहारिक र लागत प्रभावी पूर्वाधार निर्माणमा प्रयोग गर्न आह्वान गरे । 'विपद्मा वर्षेनी हजारौं पूर्वाधार भत्किरहेका छन्, त्यसैले हाम्रा संरचनाहरु बलिया मात्र होइन, उत्थानशील पनि हुनुपर्छ । अनुसन्धानले दिएका तथ्यहरुलाई डिजाइन र निर्माण प्रक्रियामा समाहित गर्नुपर्छ,' उनले थपे ।

सरकार विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई फ्रेमवर्क जस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न तयार रहेको र सोहीअनुसार नीतिहरु परिमार्जन गर्दै लगेको मन्त्री देवकोटाले जानकारी दिएका छन् । 'हामी नीति निर्माणका लागि तयार छौं तर, त्यसलाई सफल बनाउन तपाईं वैज्ञानिक र इन्जिनियरको सक्रिय साझेदारी चाहिन्छ,' उनले भने । सम्मेलनले यी तीनै पक्षबीचको संवाद र सहकार्यका लागि एक महत्वपूर्ण मञ्च प्रदान गरेकोमा उनले नेपाल इन्जिनियर्स एशोसिएसनको प्रशंसा गरे । सम्मेलनमा ढेड दर्जनभन्दा बढी देशका ८० बढी अन्तर्राष्ट्रिय विज्ञ इन्जिनियर र ५०० भन्दा बढी नेपाली इन्जिनियरको सहभागी थिए ।

# वास्तविक सुकुमवासीको यसरी हुनेछ व्यवस्थापन



काठमाडौं/सरकारले काठमाडौं उपत्यकाका नदी किनारमा बसिरहेका सुकुमवासीहरूलाई व्यवस्थित तबरबाट व्यवस्थापन गर्ने योजना अघि सारेको छ । सरकारले तयार पारेको विस्तृत कार्ययोजनामा 'प्रमाणीकरण क्याम्प खडा गर्ने, उनीहरूलाई फोटो सहितको परिचयपत्र वितरण गर्ने र प्रमाणीकरण हुन नसकेकाहरूलाई क्रमश: उक्त स्थानबाट बिदा गर्दै जाने' भनिएको छ ।

त्यसो भए प्रमाणीकरण भएका वास्तविक सुकुमवासीको हकमा के हुन्छ ? 'देशभरका वास्तविक सुकुमवासीका लागि प्रक्रिया पुऱ्याएर यथाशक्य चाँडो जग्गा वितरण गर्नेछौं,' प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहले शुत्रबार सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन् ।

भूमि सम्बन्धी ऐनमा भूमिहीन दलित र भूमिहीन सुकुमवासीलाई एक पटकका लागि जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोवासीलाई व्यवस्थित गराउने प्रावधान छ । यही प्रयोजनका लागि सरकारले भूमि समस्या समाधान आयोग गठन गरेको छ ।

नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आयआर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थन व्यक्ति र त्यस्तो व्यक्तिप्रति आश्रित परिवारका सदस्यलाई कानुनले 'भूमिहीन सुकुमवासी' मानेको छ । त्यस्तै, राष्ट्रिय दलित आयोगद्वारा सूचिकृत जातीका भूमिहीन सुकुमवासीलाई 'भूमिहीन दलित' भनिएको छ ।

सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भएता पनि कम्तीमा १८ वर्षदेखि आवाद कमोद गरी घर टहरा बनाई बसोबास गरेका व्यक्ति र त्यस्तो व्यक्तिप्रति आश्रित परिवारका सदस्यलाई 'अव्यवस्थित बसोवासी' भनिएको छ ।

प्रमाणीकरण भएका सुकुमवासीलाई जग्गा दिने प्रक्रिया भूमि आयोग मार्फत् अगाडि बढ्ने काठमाडौं महानगरपालिकाका प्रवक्ता नविन मानन्धरले जानकारी दिए ।

उनी भन्छन्, 'वास्तविक सुकुमवासीलाई अन्याय नहुने गरी कानुन अनुसार जग्गा उपलब्ध गराउने प्रक्रिया अगाडि बढाउँछौं ।' सरकारले स्थानीय तहहरूसँगको सहकार्यमा तथ्यांक संकलन, तथ्यांकको प्रविष्टि, जाँचबुझ, प्रमाणीकरण गर्नुपर्ने प्रावधान छ । प्रमाणीकरण गरिएका तथ्यांकको आधारमा नापनक्साको काम सुरु हुन्छ ।

नापनक्सा भएपछि यसको जाँचबुझ गरेर प्रतिवेदन तयार पारिन्छ । जाँचबुझ, सूचना प्रकाशन, दस्तुर, स्थानीय तहको सिफारिस, विवरण सार्वजनिक तथा हकदावीको सूचना लगायतका प्रक्रिया पुरा भइसकेपछि भूमि समस्या समाधान आयोग जिल्ला समितिले निर्णय गरेर आयोगको केन्द्रमा पठाउने व्यवस्था छ ।

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०८१ अनुसार प्रमाणित गरिएका जग्गाधनी प्रमाण पूर्जा जिल्ला समितिले भूमि समस्या समाधान आयोगलाई पूर्ण विवरण सहित लिखित जानकारी गराए पश्चात सम्बन्धित जग्गाधनीलाई उपलब्ध गराउनेछ ।

प्रमाणीकरण भएका सुकुमवासीलाई शहरमा चार आना र आफैंले आवाद कमोत गरेकालाई साढे ६ कट्ठासम्म (खेतीपाती र आवास प्रयोजनका लागि समेत) जग्गा दिने प्रावधान रहेको भूमि आयोगका अध्यक्ष हरिप्रसाद रिजाल बताउँछन् ।

अव्यवस्थित बसोवासीले व्यवस्थित गर्दा निजको आर्थिक अवस्था, बसोबासको स्थिति, जग्गाको प्रकृति, क्षेत्रफल, मूल्यांकन, आवाद कमोतको अवधि र अन्यत्र भए नभएको लगायतका आधारमा तोकिए बमोजिम बर्गीकरण गरेर तोकिएको दस्तुर लिएर जग्गाको स्वामित्व हस्तान्तरण गर्न सकिने भूमिसम्बन्धी ऐनमा उल्लेख छ ।

जति जग्गा आवाद कमोत गरेर र दस्तुर तिर्न तयार भए पनि साढे २९ रोपनी भन्दा बढी जग्गाको स्वामित्व भने हस्तान्तरण नहुने आयोगका अध्यक्ष रिजाल बताउँछन् ।

सकेसम्म जहाँ बसेको छ त्यही व्यवस्थापन गर्नुपर्ने कानूनी प्रावधान छ । तर खोला किनार, जंगल, प्राकृतिक प्रकोपको जोखिम भएको, धनीपुर्जा अर्कैको नाममा भएको नीजि वा सार्वजनिक जग्गामा बस्नेहरूले भने त्यहीस्थानमा जग्गा पाउँदैनन् ।

उनीहरूका लागि भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई उपलब्ध गराउने जग्गाको व्यवस्था स्थानीय, प्रदेश र संघीय सरकारले मिलेर गर्नुपर्नेछ । सकेसम्म सम्बन्धित पालिका त्यो नभए सम्बन्धित प्रदेश भित्र जग्गा उपलब्ध गराउनु पर्ने प्रावधान छ । यसरी प्राप्त भएको जग्गा कम्तिमा १० वर्ष बेचबिखन गर्न पाइँदैन ।

विद्युत् खपत वृद्धि तथा ऊर्जा निर्यात रणनीति:

# १० वर्षमा साढे २४ हजार मेगावाट उत्पादन




काठमाडौं/ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले 'विद्युत् खपत वृद्धि तथा ऊर्जा निर्यात रणनीति २०८३' जारी गरेको छ । ऊर्जा मन्त्रालयले आर्थिक रूपान्तरणको प्रमुख आधार ऊर्जा क्षेत्रलाई बनाउने उद्देश्य सहित रणनीति जारी गरेको हो ।

मन्त्रालयका सहसचिव सन्दीपकुमार देवको संयोजकत्वमा गठित समितिले तयार पारेको रणनीति ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले पारित गरेसँगै जारी भएको हो । १३ चैत २०८२ को मन्त्रिपरिषद्बाट स्वीकृत शासकीय सुधार सम्बन्धी १ सय बुँदे कार्यसूची अन्तर्गतको बुँदा ७४ (क) र (ग) बमोजिम ऊर्जा खपत र निर्यात रणनीति सम्बोधन गर्ने गरी ऊर्जामन्त्री श्रेष्ठले उच्चस्तरीय अध्ययन समिति गठन गरेका थिए ।

रणनीतिमा विद्युत्को आन्तरिक खपत उल्लेख्य बढाउन जोड दिँदै खपतपछि बचत भएको विद्युत् निर्यात प्रवर्द्धन गर्ने दीर्घकालीन मार्गचित्र समेत प्रस्तुत गरिएको छ । शतप्रतिशत घरधुरीमा विद्युतीकरण गर्दै प्रसारण र वितरण प्रणालीमा व्यापक सुधार गर्नुपर्ने पनि रणनीतिमा जोड दिइएको छ ।

रणनीति अनुसार आगामी १० वर्षमा २४ हजार ५ सय मेगावाट विद्युत् उत्पादन लक्ष्य लिइएको छ । २०९२/९३ (सन् २०३५) सम्म १८ आयोजनाबाट २४ हजार ५ सय मेगावाट विद्युत् उत्पादन लक्ष्य लिएको हो । जसमा नेपाल विद्युत् प्राधिकरणबाट प्रवर्द्धित सौर्य उर्जाबाट १ हजार मेगावाटभन्दा बढी उत्पादन लक्ष्य लिइएको छ । जुन २०८५ सम्ममा सक्ने समयसीमा तोकिएको छ । त्यस्तै स्वतन्त्र उर्जा उत्पादकहरूको संस्था (इप्पान) द्वारा प्रवर्द्धित आयोजनाबाट करिब १४ हजार मेगावाट उत्पादन लक्ष्य लिइएको छ । जुन २०९२ सम्ममा सक्ने लक्ष्य छ ।

त्यस्तै सरकारी कम्पनी र प्राधिकरण तथा सहायक कम्पनीद्वारा प्रवर्द्धित अन्य आयोजनाबाट करिब ३ हजार ५ सय मेगावाट उत्पादन लक्ष्य लिइएको छ ।

४० मेगावाटको रघुगंगा जलविद्युत् आयोजनालाई अबको १ सय दिनभित्र सक्ने लक्ष्य छ । त्यस्तै तनहुँ जलविद्युत् आयोजना (१ सय ४० मेगावाट), माथिल्लो मोदी-ए (४२), माथिल्लो मोदी (१८.२), माथिल्लो त्रिशूली ३बी (३७), बुढीगण्डकी जलाशयुक्त आयोजना (६ सय ७०), माथिल्लो अरुण (१ हजार ६१), अरुण जलविद्युत् आयोजना (४ सय ९०), नलगाड (४ सय १७) आयोजनाबाट उत्पादन लक्ष्य सरकारले लिएको छ ।

त्यस्तै चैनपुर-सेती (२ सय १०), तामाकोशी-५ (९९), नौमुरे बहुउद्देश्यीय आयोजना (२ सय ८१), बेतन कर्णाली जलविद्युत् आयोजना (४ सय ३९), उत्तरगंगा जलविद्युत् आयोजना (८ सय २८) बाट विद्युत उत्पादन लक्ष्य लिइएको हो । सरकारले विद्युतीय घरायसी उपकरण प्रयोगमा थप आकर्षित गर्ने, मिटर र ट्रान्स्फर्मर क्षमतामा सुधार गरी एलपी ग्यास प्रयोग क्रमश: घटाउने लक्ष्य लिएको छ ।

हाल प्रतिव्यक्ति ऊर्जा खपत करिब ४ सय ५० किलोवाट आवर रहेकोमा आगामी १० वर्षभित्र १ हजार ५ सय किलोवाट आवर पुऱ्याउने रणनीति लिएको छ । त्यस्तै सार्वजनिक यातायात क्षेत्रमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिने, चार्जिङ स्टेसन नेटवर्क विस्तार गर्नेसमेत लक्ष्य लिइएको छ । उद्योगहरूमा प्रयोग हुँदै आएको कोइला तथा पेट्रोलियममा आधारित बोयलर लाई विद्युतीय प्रणाली मार्फत प्रतिस्थापन गर्ने नीति लिइएको छ ।

# अधिकांशले स्वास्थ्य बीमामार्फत स्वास्थ्य सेवा लिए




साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको हेटौंडा अस्पतालमा अधिकांशले स्वास्थ्य बीमामार्फत स्वास्थ्यसेवा लिएका छन् ।

अस्पतालको चैत महिनाको विवरणअनुसार ओपीडी सेवा लिएका २९ हजार १ सय ८३ जनाले स्वास्थ्य बीमा मार्फत सेवा प्राप्त गरेका छन् । चैतमा बहिरंग (ओपीडी) मार्फत ३१ हजार ४ सय ६ जना बिरामीले स्वास्थ्य सेवा लिएको हेटौंडा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका प्रवक्ता उत्सव चौलागाईंले जानकारी दिएका छन् ।

अस्पतालले चैत महिनामा १ हजार १ सय १८ जना बिरामीलाई अन्तरंग (भर्ना तथा वार्ड) सेवा प्रदान गरेको छ । ५ हजार १ सय ४३ जनाले एमर्जेन्सी सेवा लिएका छन् ।

अस्पतालको ल्याब सेवा ९ हजार ७ सय १७ नाले प्राप्त गर्दा एक्सरे सेवा ६ हजार ८ सय ७३ जनाले प्राप्त गरेको अस्पतालले जनाएको छ । भिडियो एक्सरे सेवा ३ हजार ७ सय ५५ जनाले प्राप्त गरेका छन् । अस्पतालमा एमआर आई सेवा १ सय ७२ जनाले प्राप्त गरेका छन् । अस्पतालमा हाल १ सय ५ जनाले हेमोडायलाइसिस सेवा प्राप्त गरिरहेको समेत प्रवक्ता चौलागाईले जानकारी दिए । चैतमा अस्पतालको आईसीयुमा १ सय १५ जना भर्नाभई सेवा प्राप्त गरेका थिए । यस अवधिमा अस्पतालमा जटिल शल्यक्रिया १ सय २६ बिरामीको र सामान्य शल्यक्रिया सेवा १ सय २३ जनाले प्राप्त गरेका थिए ।

अस्पतालबाट एक महिनामा १ सय ३६ जना महिलाले सामान्य प्रसुति र ६१ जनाले शल्यक्रियामार्फत् प्रसुति सेवा प्राप्त गरेको प्रवक्ता चौलागाईंले बताए । अस्पतालले यस अवधिमा २७ जनालाई सुरक्षित गर्भपतन सेवा उपलब्ध गराएको छ भने अस्पतालमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्रमार्फत् ३० जना पीडितले उपचार सेवा प्राप्त गरेको अस्पतालले जनाएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मनहरीमा सामुदायिक विद्यालय शिक्षकलाई विषयगत कार्यशाला

साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ मकवानपुरको मनहरी गाउँपालिकामा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले दुईदिने विषयगत कार्यशालाको आयोजना गरिएको छ ।



वैशाख १० र ११ गते भएको कार्यशालामा मनहरी गाउँपालिका अन्तर्गतका ३२ वटा सामुदायिक विद्यालयका करिब ३ सयजना शिक्षक शिक्षिकाको सहभागिता रहेको थियो । बदलिँदो समयसँगै शिक्षण सिकाइका विधि र प्रविधिमा आएको परिवर्तनलाई आत्मसात गराउने, शिक्षकलाई समसामयिक विषयमा अद्यावधिक गराउने तथा अनुभव आदानप्रदानको अवसर सिर्जना गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको गाउँपालिका शिक्षा शाखाप्रमुख प्रदीप पराजुलीले जानकारी दिए ।

बालजीवनज्योति मावि मनहरी-१, महेन्द्रज्योति मावि मनहरी-३, पशुपतिनाथ मावि मनहरी-४, नवज्योति प्रावि मनहरी-३, महेन्द्रकिरण मावि मनहरी-८, राष्ट्रिय रोटरी मावि मनहरी-७ र राष्ट्रिय मावि सुनाचुरी, मनहरी-६ मा तालिम सञ्चालन गरिएको हो । तालिम अन्तर्गत् सामाजिक/स्वास्थ्य, विज्ञान, गणित, अंग्रेजी, नेपाली तथा बालविकास र शिक्षा विषयमा छुट्टाछुट्टै सत्र सञ्चालन गरिएको थियो । विषयगत सामग्री निर्माण, मूल्यांकन प्रक्रिया, विशिष्टीकरण तालिका, शिक्षण सुधार योजना निर्माण, विषयगत समिति गठन तथा सिकाइ चौतारी सम्बन्धी विषयमा अन्तरक्रियात्मक छलफल गरिएको थियो ।

कार्यशालामा विभिन्न तहमा भोगेन्द्र लुइटेल, डीबी अर्याल, सरस्वती अधिकारी, मनोज लामा, भुपेन्द्र चौलागाई, दीपक अधिकारी, माधव गौतम, रामकुमार ठाकुर, इन्द्र पाण्डे र ज्योति कार्कीले प्रशिक्षण दिएका थिए । कार्यशालाको समन्वय तथा व्यवस्थापन सम्बन्धित विद्यालयले गरेका थिए भने सहभागी शिक्षकको हाजिरी पनि सोही विद्यालयमा व्यवस्थापन गरिएको थियो ।

### मनहरीमा नेपाल भाषा समिति गठन

मनहरी गाउँपालिकामा पालिकास्तरीय नेपाली भाषा समिति गठन गरिएको छ । नेपाली भाषाको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्ने उद्देश्यसहित शुक्रबार ११ सदस्यीय समिति गठन गरिएको हो ।

गाउँपालिकास्तरीय नेपाली भाषा समितिको अध्यक्षमा सुन्तली थिङ चयन भएकी छिन् भने उपाध्यक्षमा इश्वर रिजाल चयन भए । सचिवमा मन्दिरा गौतम र कोषाध्यक्षमा सुधा ढकाल चयन भए । समितिको सदस्यमा चित्रकुमारी आचार्य, गोमा सुवेदी, शर्मिला पौडेल, आरती विक, गोपिनी दाहाल, मिना लामा र पदमराज जोशी रहेका छन् । नवगठित समितिले नेपाली भाषाको शुद्ध प्रयोग, स्थानीय तहमा भाषिक सचेतना अभिवृद्धि, विद्यालय तथा समुदायस्तरमा नेपाली भाषाको महत्वबारे जनचेतना फैलाउने तथा भाषा संरक्षणका विविध कार्यक्रम सञ्चालन गर्ने अपेक्षा गरिएको छ ।

### सामाजिक अध्ययन र स्वास्थ्य समिति गठन

मनहरी गाउँपालिकामा पालिकास्तरीय सामाजिक अध्ययन समिति गठन गरिएको छ । सामाजिक विषय शिक्षणमा एकरुपता कायम गर्ने उद्देश्यसहित शुक्रबार बालजीवनज्योति मावि मकरीमा ११ सदस्यीय समिति गठन गरिएको हो ।

समितिका संयोजक शिबबहादुर रिमाल चयन भएका छन् । दिनेश उप्रेती, रमेशप्रसाद आचार्य, सुजीता बस्नेत, सुशील गौतम, सुशीला थिङ, पशुपति पाठक, ध्रुब सुनार, राजकुमार रिजाल, प्रल्हाद दर्जी र नारायणप्रसाद बर्तौला सदस्य रहेका छन् । त्यस्तै सरदकुमार अधिकारीको संयोजकत्वमा स्वास्थ्य विषय शिक्षण गर्ने शिक्षकहरुको समिति निर्माण गरिएको छ । समितिमा कुसुम थापा, अनिता पुडासैनी, तार अर्याल, शर्मिला सिग्देल, राधिका ठकुरी, सृजना पराजुली, मायादेबी गोपाली, बसन्ती मोक्तान, जनकलाल ब्लोन, लिलाराज न्यौपाने सदस्य रहेका छन् ।




# प्रत्येक महिनाको हाजिरी मुख्यमन्त्री कार्यालयमा पेश गर्नुपर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ बागमती प्रदेश सरकारले कर्मचारीको हाजिरी विवरणलाई थप कडाइका साथ अनुगमन गर्ने निर्णय गरेको छ ।

कर्मचारी समयमा कार्यालयमा नपुग्ने, कार्यालय समयभर नबस्ने तथा खाजाखाने सीमित समय भन्दै घण्टौं बाहिर बस्ने जनगुनासो बढेपछि यस्तो निर्णय गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडाले वैशाख ११ गते सबै मन्त्रालय, आयोग, सचिवालय तथा कार्यालयलाई पत्राचार गर्दै हाजिरी विवरण अद्यावधिक गर्न निर्देशन दिएको हो । कार्यालयले जारी गरेको पत्रमा कर्मचारीको हाजिरी उपस्थितिका लागि विद्युतीय हाजिरी प्रणालीमा आबद्ध भइसकेको, गएको, काज तथा बिदा लगाइएको विवरण समेत विद्युतीय प्रणालीबाटै देखिने व्यवस्था मिलाउन भनिएको छ ।

प्रत्येक महिनाको हाजिरी विवरण प्रिन्ट गरी प्रमाणित अभिलेख प्रत्येक महिना समाप्त भएको तीन कार्यदिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्राप्त हुनेगरी पठाउन निर्देशन दिइएको छ । मुख्यमन्त्री कार्यालयकाअनुसार कर्मचारीको नियमित उपस्थितिमा लापरवाही, सेवाप्रवाहमा ढिलासुस्ती तथा कार्यालय समयको दुरुपयोगबारे सर्वसाधारणबाट लगातार गुनासो आइरहेकाले अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाइएको हो ।

# यातायातमा ४५ प्रतिशत छुट पूर्ण कार्यान्वयन गर्न विद्यार्थीको माग

साझाकुरा संवाददाता

हेटौंडा, ११ बैशाख/ मकवानपुरमा विद्यार्थीले पाउँदै आएको ४५ प्रतिशत यातायात छुट पूर्णरुपमा कार्यान्वयनको माग सहित प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण पत्र बुझाएका छन् ।

शुक्रवार हेटौंडा क्याम्पस स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) का कार्यवाहक अध्यक्ष भरतमोहन देवकोटाको नेतृत्वको टोलीले प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीलाई ध्यानाकर्षणपत्र बुझाएका हुन् । ध्यानाकर्षणपत्रमा नेपाल सरकारद्वारा व्यवस्था गरिएको सार्वजनिक यातायातमा विद्यार्थीलाई ४५ प्रतिशत भाडा छुट प्रदान गर्ने नीति व्यवहारमा प्रभावकारीरुपमा कार्यान्वयन हुन नसकेको उल्लेख गरिएको स्ववियु सदस्य नितेश भण्डारीले बताए । जिल्लाभित्र सञ्चालनमा रहेका कतिपय सार्वजनिक सवारी साधनले छुट नदिने, मनोमानी भाडा असुल गर्ने तथा विद्यार्थीमाथि दुर्व्यवहार गर्ने जस्ता गुनासा आइरहेकोले त्यस समस्याको समधानका लागि आग्रह गरिएको छ ।

सार्वजनिक यातायातका साधनले नेपाल सरकारको नीति अनुसार विद्यार्थीलाई प्रदान गरिने ४५ प्रतिशत छुटलाई अनिवार्य र प्रभावकारी रुपमा कार्यान्वयन गराउन आवश्यक अनुगमन, निर्देशन तथा कारबाही प्रक्रिया अघि बढाइदिन आग्रह गरिएको छ । यो विषयमा समयमै आवश्यक कदम चालिएन भने, विद्यार्थीको हककहितको संरक्षणका लागि स्ववियु हेटौंडा क्याम्पस थप सशक्त आन्दोलनका कार्यक्रम अघि बढाउन बाध्य हुने चेतावनी दिइएको छ ।

## सुनौलो भविष्य स्वास्थ्य सहकारी संस्था लिमिटेडद्वारा संचालित मकवानपुर सहकारी अस्पताल, हेटौंडाको प्रस्तावित ५० शैय्या अस्पतालको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धि

## सार्वजनिक सुनुवाई बारेको सूचना

*(प्रकाशित मिति: २०८३/०१/१२)*

यस सुनौलो भविष्य स्वास्थ्य सहकारी संस्था लिमिटेडद्वारा संचालित मकवानपुर सहकारी अस्पताल, हेटौंडाको प्रस्तावित ५० शैय्या अस्पतालको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धिसार्वजनिक सुनुवाई कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने हुँदा आयोजनाले त्यस क्षेत्रको वातावरणमा पर्नसक्ने प्रभावहरुका सम्बन्धमा राय/सुझाव र प्रतिक्रिया लिन प्रस्ताव क्षेत्रका स्थानीय बासिन्दा, सरकारी एवं गैरसरकारी संघसंस्था, सम्बन्धित वडा प्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु, सरोकारवाला निकाय एवं ब्यक्तिहरुलाई कार्यक्रममा उपस्थित भई राय/सुझाव एवं प्रतिक्रिया पेश गर्न यो सार्वजनिक सुनुवाईको सूचना प्रकाशित गरिएको छ ।

सार्वजनिक सुनुवाई हुने स्थान : प्रस्तावित अस्पताल निर्माण स्थल, हेटौंडा उपमहानगरपालिका वडा नं १, चौकिटोल
मिति : २०८३ साल, बैशाख १५गते, मंगलबार।
समय : बिहान ८ बजे

## पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि.
PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD
पालुङ, मकवानपुर
Palung, Makawanpur

## तपशिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना

*प्रकाशित मिति: २०८३/०१/१२*

यस सहकारी संस्थाबाट तपसिलका ऋणीहरुलाई तपसिलमा उल्लेख भए बमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने सावा ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिँदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस दिन) भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्वन्धि सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा असूल्ने क्रममा तपाईले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेच विखन गरी कर्जा रकम असूल उपर गरी लिइनेछ । सोबाट समेत असुल उपर हुनु पर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाई ऋणीको अन्य चलअचल सम्पत्ति, जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकम असुलउपर गरि लिनेछ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोही अनुसार भै जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### तपशिल

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम :** सुकुली माया गोपाली<br>बाबुको नाम: दुर्गा बहादुर गोपाली<br>पतिको नाम: सानुकाजी गोपाली<br>ससुराको नाम: शेर बहादुर गोपाली<br>ना.प्र.प.नं. २२१<br>जारी मिति: २०४६/२/४<br>ठेगाना: बज्रबाराही-६, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>नाम : सानुकाजी गोपाली<br>बाबुको नाम : शेर बहादुर गोपाली<br>बाजेको नाम : शंखनारायण गोपाली<br>ना.प्र.नं : ४४/४१२<br>जारी मिति : २०५२/१०/२६<br>ठेगाना : बज्रबाराही-६, मकवानपुर | <br> | सुकुली माया गोपालीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स. वार्ड नं. ८ स्थित कि.नं. १०३० को क्षेत्रफल १-२-३-२ को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>इन्जिन नं.: 400922P0008825<br>च्याचिस नं.: EC0624ADFP008739<br>को भारत बेन्च भाडा टिपर । |
| २ | **नाम :** सानुकाजी गोपाली<br>बाबुको नाम : शेर बहादुर गोपाली<br>बाजेको नाम : शंखनारायण गोपाली<br>ना.प्र.प.नं. : ४४/४१२<br>जारी मिति : २०५२/१०/२६<br>ठेगाना: बज्रबाराही ६, मकवानपुर |  | सानुकाजी गोपालीको नाउँमा मालपोत कार्यालय शिखरकोट मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको टिष्टुङ गा.वि.स. वार्ड नं. ४ स्थित कि.नं. ५४५ को क्षेत्रफल ०-५-०-० को जग्गा तथा टिष्टुङ गा.वि.स. वार्ड नं.३ स्थित कि.नं. १७५२ तथा ११४४ को क्रमश: क्षेत्रफल ०-५-२-०, ०-१०-३-१ को जग्गा, र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लिगापात समेत । |
| ३ | **नाम :** रुप बहादुर थापा क्षेत्री<br>बाबुको नाम: दिपवहादुर थापा क्षेत्री<br>बाजेको नाम: दलबहादुर थापा क्षेत्री<br>ना.प्र.प.नं. : १८<br>जारी मिति : २०४१/०६/०८<br>ठेगाना: पालुङ-७ सोल्टु, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम :** कमल थापा<br>बाबुको नाम: रुप बहादुर थापा क्षेत्री<br>बाजेको नाम: दिपवहादुर थापा क्षेत्री<br>ना.प्र.प.नं. : ५५/३६८३१<br>जारी मिति : २०६३/०४/१५<br>ठेगाना: पालुङ-७, सोल्टु, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम :** विष्णु बहादुर थापा<br>बाबुको नाम : बल बहादुर थापा<br>बाजेको नाम : क्षेत्र बहादुर थापा<br>ना.प्र.प.नं. : ८५३<br>जारी मिति : २०४२/१२/१४<br>ठेगाना: पालुङ-७, सोल्टु, मकवानपुर | <br><br> | कमल थापाको नाउँमा मालपोत कार्यालय शिखरकोट मकावानपुरमा दर्ता श्रेष्ता कायम रहेको पालुङ गा.वि.स.वार्ड नं.७ स्थित कित्ता नं. ८३१, ८२६, ११८३ तथा शिखरकोट गा.वि.स. वार्ड नं. ९ स्थित कित्ता न.१११४ को क्षेत्रफल क्रमश: १-१५-३-०, ०-१३-३-०, ०-१३-३-०, ०-१५-३-३ को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ४ | **नाम :** राम बहादुर लामा<br>बाबुको नाम : दानबहादुर लामा<br>बाजेको नाम : धनबहादुर लामा<br>ना.प्र.प.नं. : ४१९<br>जारी मिति : २०४५/१/१३<br>ठेगाना: दामन-४, मकवानपुर |  | रामबहादुर लामाको नाउँमा मालपोत कार्यालय शिखरकोट मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको पालुङ गा.वि.स वार्ड नं.२ को कित्ता नं.८०२ को क्षेत्रफल ४-१०-०-० को जग्गा र दामन गा.वि.स वार्ड नं.४ स्थित कित्ता नं. ४३६, ४०१, ४०२, ४३४, ४३८ को क्रमश: क्षेत्रफल ०-८-०-०, ०-९-३-२, ०-९-३-२ ०-६-३-०, ०-६-२-१ को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लिगापात समेत । |
| ५ | **नाम :** जयराम खत्री के.सी.<br>बाबुको नाम : सिताराम खत्री<br>बाजेको नाम : हस्तबहादुर खत्री<br>ना.प्र.प.नं. : २०८२७<br>जारी मिति : २०६१/१२/१०<br>ठेगाना: दामन-१, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम :** ढलकचन्द्र खत्री<br>बाबुको नाम : हस्तबहादुर खत्री<br>बाजेको नाम : सनमान खत्री<br>ना.प्र.प.नं. : ५९<br>जारी मिति : २०४१/१०/०२<br>ठेगाना :दामन १, मकवानपुर | <br> | हस्तबहादुर खत्रीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स.वार्ड नं.२ स्थित कित्ता नं. ६२४, ६२५ को क्रमश: २-४-०-०, २-४-०-० को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । साथै ढलकचन्द्र खत्रीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स. वार्ड नं.२ स्थित कित्ता नं.६२३ को क्षेत्रफल ६-४-०-० को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ५ | **नाम :** सुजन गोपाली<br>बाबुको नाम : सुरेशलाल गोपाली<br>बाजेको नाम : भक्तबहादुर गोपाली<br>ना.प्र.प.नं. : ४०/७७५<br>जारी मिति : २०५५/०५/२९<br>ठेगाना: दामन ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>नाम : सुरेशलाल गोपाली<br>बाबुको नाम : भक्तबहादुर गोपाली<br>बाजेको नाम : मानबहादुर गोपाली<br>ना.प्र.प.नं. : ७०९/९८२<br>जारी मिति : २०३४/०२/०२<br>ठेगाना: दामन ४, मकवानपुर | <br> | सुरेशलाल गोपालीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स.वार्ड ४ स्थित कित्ता नं.२६ को क्षेत्रफल ०-१२-०-०को जग्गा, वार्ड नं. ९ स्थित कित्ता नं. २५ को क्षेत्रफल २-०-०-२ को जग्गा, वार्ड नं.४ स्थित कित्ता नं.२९ को क्षेत्रफल ०-११-०-२को जग्गा, वार्ड नं.२ स्थित कित्ता नं.४८७ को क्षेत्रफल १-१-०-० को जग्गा र सम्पूर्ण जग्गाहरुले चर्चेका लिगलिगापात समेत । |

# आकर्षक घडेरी बिक्रीमा

